**आ.व. ०७८/७९ को सातौँ बैठक**

आज मिति २०७८ साल फाल्गुण २० गते शुक्रबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री जीवन राज खिम्दिङ | सदस्य | ९८६२७७१४२८ | |
| ४ | श्री ज्ञान प्रसाद दाहाल | सदस्य | ९८०७९३४७८९ | |
| ५ | श्री भीम बहादुर बस्नेत | सदस्य | ९८४०९९४०३१ | |
| ६ | श्री चन्द्रमान खोयाहाङ | सदस्य | ९८४२६५१३७६ | |
| ७ | श्री तारामान साम्सोहाङ | सदस्य | ९८४९९४७५५२ | |
| ८ | श्री अमर बहादुर थेवे | कार्यवाहक वडाध्यक्ष | ९८१५०४३५०७ | |
| ९ | श्री गीता राई | सदस्य | ९८६१८०९२३९ | |
| १० | श्री धनकुमारी बि.क. | सदस्य | ९८४५६०९९३९ | |
| ११ | श्री सीतादेवी बि.क.(लामगादे) | सदस्य | ९८४५४५१०६० | |
| १२ | श्री तेज बहादुर नेपाली | सदस्य | ९८०८१६९२३१ | |
| १३ | श्री जसमाया माङ्युङ | सदस्य | ९८१७९८६९७८ | |
| १४ | श्री कमला भण्डारी (थेवे) | सदस्य | ९८१४९६०२३८ | |
| १५ | श्री देवेन्द्र कुमार लिम्बु | सदस्य-सचिव | ९८४२६९०७७३ | |

**अन्य**

सूचना प्रविधि अधिकृत श्री राजु गुरुङ

सहायक पाँचौ श्री शिव कुमार काम्बाङ, प्रशासन शाखा

का.स. श्री धन बहादुर बुढाथोकी

प्रस्तावहरु:

१. रकमान्तर तथा योजनाहरु संशोधन सम्बन्धमा।

२. मर्मत सम्भार सम्बन्धी आयोजनाहरु सम्बन्धमा।

३. महिला लक्षित आय आर्जन कार्यक्रम सम्बन्धमा।

४. नयाँ वर्ष २०७९ को क्यालेन्डर निर्माण सम्बन्धमा।

५. जनतासँग जनप्रतिनिधि कार्यक्रमलाई रकम विनियोजन सम्बन्धमा।

६. खानी दिपेन्द्र प्रा.वि. मोटरबाटोमा अपुग रकम (सम्पन्न गर्नुपर्ने) सम्बन्धमा।

७. वडा नं.-१ को जामुने भिर मोटरबाटोमा अपुग रकम थप गर्ने सम्बन्धमा।

८. वडा नं.-४ र वडा नं.-६ को स्वास्थ्य चौकी सरसफाई तथा उद्घाटन सम्बन्धमा।

९. खरको छाना हटाउने कार्यक्रम सम्बन्धमा।

१०. दन्त उपहार कार्यक्रम सम्बन्धमा।

११. आँखा शिविर सञ्चालन सम्बन्धमा।

१२. पञ्चमी शान्ती युवा क्लवले संचालन गर्ने खेलकुद कार्यक्रम सम्बन्धमा।

१३. प्रसुती सेवा केन्द्र व्यवस्थापनको मापदण्ड तथा खर्च निर्धारण र भुक्तानी सम्बन्धमा।

१४. छुवाछुत विरुद्ध सचेतना कार्यक्रम सञ्चालनको मापदण्ड निर्धारण तथा सञ्चालन सम्बन्धमा।

१५. खरिद प्रकृयालाई एकद्वार प्रणालीमा लैजाने सम्बन्धमा।

निर्णयहरु:

निर्णय नं.-१

प्रस्ताव नं.-१ माथी छलफल गर्दा यस गाउँपालिकाको आ.व. ०७८/०७९ मा गाउँसभाबाट स्वीकृत तपसील बमोजिमका योजनाबाट रकमान्तर तथा संशोधन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

तपसील:

| क्र.स. | खर्च शिर्षक | स्वीकृत योजना/कार्यक्रम | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | ३११७२ | डिजिटल नागरिक वडापत्र | ४५०००० | |
| २ | ३११७२ | डिजिटल प्रोफाइल निर्माण (पार्श्वचित्र) | १४००००० | |
| ३ | ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | ५००००० | |
| ४ | ३१११२ | सिरिजङ्गा नवयुवा परिवार सामुदायिक भवन निर्माण वडा नं.-१ | २५०००० | |
| ५ | ३१११२ | खहरे सामुदायिक भवन निर्माण-नाङखोल्याङ | १७५००० | |
| ६ | २२५१२ | क्षमता विकास तथा सीप विकास सम्बन्धी खर्च | ७००००० | |
| ७ | २११३५ | गाउँपालिका स्थापना दिवस कार्यक्रम | ७५००० | |
| ८ | २२५१२ | महिला नेतृत्व तथा क्षमता विकास | २००००० | |
| ९ | २७२१९ | गाउँपालिका स्तरीय बालकोष स्थापना | ४००००० | |
| १० | ३११५९ | अति विपन्न घर परिवारको लागि विद्युतिकरण कार्यक्रम, वडा नं. १, २ र ४ | ४००००० | |
| ११ | ३११५९ | सुम्निमा खेल मैदान निर्माण वडा नं.-४ | २००००० | |
| १२ | ३११५९ | फुटबल खेलमैदान निर्माण (साविक डुम्रिसे १,२र३) | ६००००० | |
| १३ | २२५१२ | महिला लक्षित आयआर्जन कार्यक्रम | २००००० | |
| | | जम्मा | ५५५०००० | |

निर्णय नं.-२

प्रस्ताव नं.-२ माथी छलफल गर्दा यस गाउँपालिकाभित्र रहेका तपसील बमोजिमका आयोजना संचालनको लागि बजेट विनियोजन गर्ने सर्वसम्मतिले निर्णय गरियो ।

तपसील:

| क्र.स. | वडा नं. | आयोजना/कार्यक्रमको नाम | बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | १ | सासोक-ज्यामिरे सिँचाई कुलो मर्मत | ५०००० | |
| २ | | कन्दङ्वा चोक देखि नाम्लेपाटी जाने मोटरबाटो मर्मत | १००००० | |
| ३ | | चिसोपानी जगमले खानेपानी आयोजना मर्मत तथा ट्याङ्की निर्माण | ३००००० | |
| ४ | | सासोक-ज्यामिरे-जौबारी मोटरबाटो निर्माण | २००००० | |
| ५ | | आयआर्जन कार्यक्रम अन्तर्गत गाई खरिद तथा वितरण वडा नं.-१ | २००००० | |
| ६ | | यमासेनमा मिल मर्मत तथा संचालन | २००००० | |
| ७ | | फूलबारी-खाल्टे मोटरबाटो मर्मत | १००००० | |

| | | | | |
|---|---|---|---|---|
| ८ | २ | हनुमाने-श्यामचोक मोटरबाटो मर्मत | १००००० | |
| ९ | | लालीगुरास महिला समुहको भवन निर्माण थप | ५१०००० | |
| १० | | बुक्कीडाँडामा बाटो निर्माण | २००००० | |
| ११ | | ओलकमा खानेपानी पाइप खरिद तथा वितरण | ३०००० | |
| १२ | | बोक्तिम्बा खानेपानी योजना मर्मत | ५०००० | |
| १३ | ३ | सयपत्री सामुदायिक वन उपभोक्ता समिति तिरिङ्गेको भवन मर्मत | ६०००० | |
| १४ | ४ | झाक्री खोलामा पाइप खरिद भुक्तानी | ५५००० | |
| १५ | | ओरक्पे खानीपानी पाइप खरिद | ७०००० | |
| १६ | | सङ्क्रान्ती देखि सिद्देश्वरी जाने गोरेटोबाटो मर्मत | २००००० | |
| १७ | | डुम्रिसे भलिबल खेल मैदान निर्माण | ६००००० | |
| १८ | ६ | बडहरेमा बाटो मर्मत | १५०००० | |
| १९ | | HDP पाइप खरिद तथा वितरण (साविक-२ नं., ने.रा.आ.वि.) | ७५००० | |
| जम्मा | | | ३२५०००० | |

निर्णय नं.-३

प्रस्ताव नं.-३ माथी छलफल गर्दा आ.व.-०७८-०७९ मा गाउँसभाबाट स्वीकृत भएको महिला लक्षित आय आर्जन कार्यक्रम कार्यविधि तयार गर्न पशुसेवा शाखा प्रमुख श्री भीमलाल बयलकोटीलाई जिम्मेवारी दिने साथै उक्त कार्यविधि आगामी बस्ने कार्यपालिकामा स्वीकृत गराई सोहि बमोजिम कार्यक्रम सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-४

प्रस्ताव नं.-४ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिकाको आ.व. ०७९/०८० को भित्ते पात्रो (क्यालेन्डर) प्रकाशन गर्ने साथै सोको भुक्तानी आ.व. ०७८/०७९ को गाउँसभाबाट स्वीकृत कार्यक्रम पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्चबाट भुक्तानी गर्ने सर्वसहमतिले पारित गरियो ।

निर्णय नं.-५

प्रस्ताव नं.-५ माथी छलफल गर्दा जनतासँग जनप्रतिनिधि कार्यक्रम अन्तर्गत आ.व. ०७८/०७९ मा बजेट विनियोजन नभएको हुनाले उक्त कार्यक्रमलाई यस आ.व.मा संचालन नगर्ने सर्वसहमतिले पारित गरियो ।

निर्णय नं.-६

प्रस्ताव नं.-६ माथी छलफल गर्दा खानी दिपेन्द्र मोटरबाटो निर्माण कार्य भइरहेकोमा ठेक्काबाट काम सम्पन्न नहुने देखिएकोले कार्य सम्पन्न गर्न रु. ५,००,०००।-(अक्षरेपी पाँच लाख मात्र ।) थप गरि उपभोक्ता समितिमार्फत निर्माण कार्य सम्पन्न गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-७

प्रस्ताव नं.-७ माथी छलफल गर्दा वडा नं.-१ को जामुने भिर मोटरबाटो जोड्न अपुग रकम रु. २५००००।- (अक्षरेपी दुई लाख पचास हजार मात्र ।) विनियोजन गरी उक्त बाटो सम्पन्न गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-८

प्रस्ताव नं.-८ माथी छलफल गर्दा चालु आ.व. ०७८/०७९ मा सम्पन्न यस गाउँपालिकाको वडा नं.-४ र वडा नं.-६ को स्वास्थ्य संस्थाको नवनिर्मित भवनको सरसफाई डोर हाजिरबाट सम्पन्न गरि उद्घाटन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-९

प्रस्ताव नं.-९ माथी छलफल गर्दा सुरक्षित नागरिक आवास अन्तर्गत खरको छानो हटाउने कार्यक्रमको लागि आ.व. ०७८/०७९ को बजेटमा यस पाथीभरा याङवरक गाउँपालिकालाई २३० घरधुरी विनियोजन भई मितिः २०७८/०९/१२ गते बसेको कार्यपालिकाको बैठकले सम्पुर्ण वडाहरुलाई बाडफाड गरेकोमा उक्त कार्यक्रम स्थगित भई खरको छानो हटाई जस्तापाताको छानो लगाउने तपसील बमोजिमको घरधुरीलाई ५०,०००।- (पचास हजार मात्र ।) का दरले विनियोजन गर्ने सर्वसहमतिले पारित गरियो ।

तपसीलः

| क्र.स. | वडा नं. | घरधुरी संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | १ | ७ | ३५०००० | |
| २ | २ | १० | ५००००० | |
| ३ | ३ | ४ | २००००० | |
| ४ | ४ | २ | १००००० | |
| ५ | ५ | ९ | ४५०००० | |
| | जम्मा | ३२ | १५५०००० | |

निर्णय नं.-१०

प्रस्ताव नं.-१० माथी छलफल गर्दा आ.व.०७८/०७९ मा गाउँसभाबाट स्वीकृत आँखा तथा दाँतको शिविर सञ्चालन कार्यक्रम (शिर्षक नं.-२२५२२) अन्तर्गत दन्त उपहार कार्यक्रम श्री पुर्वाञ्चल डेण्टल हस्पिटल प्रा.लि., इटहरीसँग सम्झौता भई मितिः २०७८/११/२३, २५, २५ गते सञ्चालित हुने कार्यपालिका समक्ष जानकारी गराइयो ।

निर्णय नं.-११

प्रस्ताव नं.-११ माथी छलफल गर्दा आ.व. ०७८/०७९ मा गाउँसभाबाट स्वीकृत आँखा तथा दाँतको शिविर सञ्चालन कार्यक्रम (शिर्षक नं.-२२५२२) अन्तर्गत आँखा शिविर कार्यक्रम श्री नेपाल नेत्र ज्योती संघ, ताप्लेजुङसँग सम्झौता गरिएको कार्यपालिका समक्ष जानकारी गराइयो ।

निर्णय नं.-१२

प्रस्ताव नं.-१२ माथी छलफल गर्दा यस पाथीभरा याङवरक गाउँपालिका वडा नं.-१, नाङखोल्याङमा रहेको श्री पञ्चमी शान्ती युवा क्लबले सञ्चालन गर्न लागेको पाथीभरा याङवरक खेलकुद महोत्सवलाई शिक्षा, युवा तथा खेलकुद शाखा तर्फ आ.व. ०७८/०७९ को स्वीकृत कार्यक्रम अन्य खेलकुद कार्यक्रम तथा व्यवस्थापन (ब्याटमिन्टन, भलिबल, फुटलब)बाट रु. ५,६०,०००।-(अक्षरेपी पाँच लाख साठ्ठी हजार मात्र ।) रकम विनियोजन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-१३

प्रस्ताव नं.-१३ माथी छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा प्रसुति हुन आउने प्रसुति र एक जना रुगालु गरी दुई जना मात्रलाई प्रसुति मापदण्ड अनुसार खाना खर्च दिने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-१४

प्रस्ताव नं.-१४ माथी छलफल गर्दा आ.व.-०७८-०७९ मा गाउँसभाबाट स्वीकृत भएको छुवाछुत विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गर्न सो सम्बन्धी कार्यविधि तयार गर्ने साथै उक्त कार्यविधि आगामी बस्ने कार्यपालिकामा स्वीकृत गराई सोहि बमोजिम कार्यक्रम सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-१५

प्रस्ताव नं.-१५ माथी छलफल गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली-२०७७ को दफा ९४ को उपदफा-३ बमोजिम जिन्सी मालसामान तथा तत्सम्बन्धी स्रेस्ता भण्डार शाखा प्रमुखको जिम्मामा रहने हुनाले यस गाउँपालिका अन्तर्गतका वडा कार्यालय तथा विषयगत शाखाहरुको सामान खरिद प्रकृयाहरुमा एकद्वार प्रणालीद्वारा खरिद गर्ने सर्वसहमतिले निर्णय गरियो ।